VISIT OUR WEBSITE
hamroprajashakti.com
&
www.himalayanmirror.net
For Ads, Contact :
9832366113 (Gangtok)
9832684683 (Siliguri)

सिक्किम र आसामबाट एकैसाथ प्रकाशित

# हाम्रो प्रजाशक्ति

BRILLIANT COACHING
"success is our motto"
Register yourself in the Premier Institute for Winter Crash Course 2017-18
Highly Experienced faculties for PHYSICS, CHEMISTRY, MATHEMATICS & BIOLOGY
If not satisfied Full Fees will be refundable
facebook.com/brilliant.coaching
Gangtok - 03592 201090 / Siliguri - 0353-2576611 / Cell: 97332 97367

■ वर्ष - १८, अंक - ३३२ ■ वि.सं. २०७४, माघ २९ गते ■ गान्तोक, सोमवार, १२ फरवरी, २०१८ www.hamroprajashakti.com ■ FEBRUARY 12, 2018 MONDAY, GANGTOK ■ मूल्य ₹ ५/-

## खरसाङको रेलवे प्रिन्टिङ प्रेस बन्द हुने



**सिलगढ़ी, ११ फरवरी।** रेलवे बोर्डको निर्देशअनुसार खरसाङमा स्थित रेलवेको प्रिन्टिङ प्रेस बन्द हुन गइरहेको छ। ब्रिटिशकालदेखि चल्दै आएको खरसाङको रेलवे प्रिन्टिङ प्रेसमा नर्थ फ्रण्टियर रेलवेका सबै प्रिन्टिङको काम हुँदै आइरहेको छ। तर गत सात फरवरी रेलवे बोर्डले एउटा निर्देश जारी गरेर देशमा रहेका मोठ ११ वटा प्रिन्टिङ प्रेसमध्ये ६ वटा बन्द गर्ने निर्देश दिएको छ। रेलवेका ११ वटामध्ये चारवटा प्रिन्टिङ प्रेस पश्चिम बंगालमा छ। बंगालमा खरसाङबाहेक पनि हावड़ा, कोलकाता फेयरली प्लेस (ज़ेश्रज़रींर षरळीश्रळश श्रिरलश) अनि खड़गपुरमा रेलवेको प्रेस छ। तर रेलवे बोर्डको निर्देशअनुसार अब खरसाङसँगै कोलकाता फेयारली प्लेस र खड़गपुरको प्रेस बन्द हुँदैछ। यी तीनवटा प्रेस बन्द भएपछि हावड़ाको रेलवे प्रेसमा नै छपाइका सबै कार्य हुनेछन्। रेलवेले खरसाङ, कोलकाता फेयरली प्लेस अनि खड़गपुरसँगै गोरखपुर, अजमेर अनि महालक्ष्मीको प्रेस पनि बन्द गर्ने निर्णय लिएको छ। यसबाहेक लखनऊ, तिरुचिरापल्ली र कलकत्ताको गार्डनरिचमा रहेको रेलवेका अन्य तीनवटा प्रेस पनि बन्द गर्ने निर्देश जारी गरिएको छ। यी तीनवटा प्रेसमा रेलको टिकट छपाईको काम हुदँछ।

आउँदो ६ महीनाभित्र मोठ ९ वटा प्रेस बन्द गर्ने लिखित निर्देश रेलवे बोर्डका कार्यकारी निदेशक महेश चन्द्रले दिएका छन्। प्रेस बन्द गर्नेलगायत रेलवे बोर्डले अन्य केही निर्देश पनि जारी गरेको छ। केही ठाउँहरूमा अहिले पनि विगतमा झैं कार्ड टिकटको चलन छ। बोर्डले सो कार्ड टिकट पनि बन्द गर्दैछ। कार्ड टिकटको साटो पेपर टिकट अनि थर्मल टिकटको प्रयोग गरिनेछ। रेलवेले बन्द हुन गइरहेका ६ वटा प्रिन्टिङ प्रेसलाई रहल पाँचवटा प्रेससँग गाभ्ने निर्णय पनि लिएको छ। कोलकाता फेयरली प्लेस, खड़गपुर प्रेस र खरसाङ प्रेसलाई हावड़ा प्रेससँग गाभिनेछ। गोरखपुर र अजमेर, यी दुइ प्रेसलाई दिल्ली सर्कुलरबस्ती प्रेसमा गाभिनेछ। जुन ठाउँहरूमा रेलवे प्रेसहरू बन्द गरिँदैछ त्यहाँका मशिनहरू अन्य प्रेसहरूमा सारिनेछन् अनि कर्मचारीहरूलाई पनि अन्य प्रेसहरूमा सरुवा गरिनेछ। रेलवे बोर्डले केही कर्मचारीहरूलाई रेलवेका अन्य विभागमा सरुवा गर्नेबारे विचार गर्नेछ तर त्यसको निम्ति स्वयं कर्मचारीले अनुरोध गर्नुपर्नेछ। रेलवेका प्रेसहरू बन्द गर्ने निर्देश गत शुक्रवार रेलवेका सबै अधिकारीहरूलाई प्राप्त भएको सूत्रले जनाएको छ। यसबारे उत्तर-पूर्व सीमान्त रेलवेका सीपीआरओ प्रणयज्योति शर्माले भने, रेलवे बोर्डले रेलवेका सबै प्रिण्टिङ प्रेसहरू बन्द गर्ने निर्णय लिएको छ तर सबै प्रेस एकैचोटि बन्द गरिनेछैन, जहाँ रेलवेलाई आर्थिक हानि धेर भइरहेको छ पहिला ती प्रेसहरू बन्द गरिनेछ। उत्तर-पूर्व सीमान्त रेलवेका सबै प्रिण्टिङको कार्य खरसाङ स्थित रेलवे प्रेसमा हुन्थ्यो। त्यो बन्द भएपछि टेण्डर डाकेर गैरसरकारी प्रेसहरूलाई प्रिण्टिङको ठीका दिइने कुरा तिनले बताए। आउँदो २ मार्च रेलवे बोर्डका चेयरम्यान सिलगड़ी आउने कार्यक्रम रहेको तिनले बताए।

### दुर्लभ हिम चितुवाको छाला तस्करी मामिला

## सिक्किमका दुई युवक पक्राउ

**सिलगढी,११ फरवरी।** गत शनिबारको दिन बैकुण्ठपुर बन विभागले बन्य प्राणीको देआंश संगै चारजना बन्य प्राणी तस्करहरुलाई पक्राउ गर्न सफल बनेको थियो। पक्रा परेका चारजना तस्करहरुलाई गहन रुपले छानबिन गर्दा अझ ठुलो सफलता हात लागेको रेन्ज अफिसर सञ्जय दत्तले जनाएका छन्।

आइतबार बैकुण्ठपुर बन विभागले गुप्त सूचनाको आधारमा एक टिम क्रेताको छद्म भेष धारण गरी हिम चितुवाको छालासंगै अझै दुईजनालाई पक्राउ गर्न सफल बनेको छ। बन कार्यालयको सूत्रद्वारा थाह लागे अनुसार आज पक्रा परेका दुवै बन्य प्राणी चर्म तस्करहरु सिक्किम निवासी रहेको पुलिसको दाबी छ। उनीहरु हिम चितुवाको छालालाई भोटाङमा बिक्री गर्ने तरखरमा थिए।

हिज पक्रा परेका चारजना तस्करहरुसंग बन विभागले केरकार गर्ने क्रममा आज पक्रा पर्ने दुई तस्करहरुको सुइँको लागेको हो। दुई तस्करहरु बारे थाह लागे पछि रेंज अफिसर सञ्जय दत्तको अगुवाइमा एक टिम गठन गरीयो। सो टिमले हिम चितुवाको छाला किन्ने क्रेताको भेष धारण गरि कालिझोडाँ छेउ बाट दुई तस्करहरुलाई पक्राउ गर्न सफल बन्यो। उद्धार गरिएको हिम चितुवाको छालाको अनुमानिक बजार मूल्य ८ लाख रुपियाँ रहेको रेंज अफिसर सञ्ज्जय दत्तले जानकारी दिएका छन्। पक्रा परेका तस्करहरुको सम्बन्ध अन्तरराष्ट्रिय तस्करहरुसंग रहेको हुनसक्ने अनुमान गरिएको छ। सबै आरोपीहरुलाई आज सिलगढी अदालत पठाइएको बताइएको छ।

## कालेबुङ जिल्ला गठनको वार्षिक उत्सव मनाउने तयारी

**कालेबुङ, १४ फरवरी।** कालेबुङ जिल्ला गठन भएको एक वर्ष पूरा भइरहेको छ। यसलाई केन्द्र गरेर कालेबुङमा उत्सवको माहौल सिर्जना भएको छ। जिल्ला गठनको पहिलो वर्षगाँठलाई धुमधामसितले पालन गर्ने उद्देश्यले आज कालेबुङ जिल्ला स्थापना दिवस उत्सव समितिको विशेष बैठक सम्पन्न भयो। कालेबुङका पत्रकारहरूको एउटा समूहले जिल्लाको पहिलो स्थापना दिवसलाई स्थानीय गर्ल्स हाई स्कूलस्थित सेनिटेरी भवनमा भव्यताको साथमा पालन गर्ने निर्णय लिएको छ। बैठकबारे जानकारी गराउँदै खड़ग छेत्रीले भने, कालेबुङ जिल्ला बनिनु हाम्रो निम्ति एउटा ठूलो उपलब्धि हो। एक वर्षको अन्तरालमा सबै कार्य त भइसकेको छैन तै पनि यो हाम्रो निम्ति उत्सवको अवसर हो। यसैले हामी उक्त दिनलाई विशेष उत्सवको रूपमा पालन गर्नेछौं। गर्ल्स हाई स्कूलको सेनिटेरी भवनमा आयोजना भइरहेको कार्यक्रम अपरान्ह २ बजीदेखि शुरू हुने जनाउँदै कार्यक्रममा समस्त कालेबुङवासीलाई उपस्थित भइदिने अनुरोध छेत्रीले गरेका छन्। यसरी नै छुदेन काविमोले कार्यक्रमको विशेष आकर्षण अन्तरक्रिया कार्यक्रम रहने बताउँदै भने, जिल्लाको कार्यान्वयनमाथि हामीले बहस गरिरहेका छौं। कालेबुङ जिल्ला बनिएपछि एसपी र जिल्ला प्रशासनक बसिसकेका छन्। तथापि हामीले भने जस्तो नयाँ खण्ड र महकुमाहरू बनिसकेका छैनन्। जिल्लाका नयाँ कार्यालयहरू पूर्णरूपले संचालन भइसकेका छैनन्। यस्तो अवस्थामा राजनीतिक

▶ रहल पाता २-मा

## महानन्दा ब्यारेजमा मृत युवक खरसाङका वासिन्दा

**सिलगढ़ी, ११ फरवरी।** सिलगड़ी संलग्न फूलबारीको महानन्दा ब्यारेजबाट गत ९ फरवरी उद्धार गरिएको मृतदेहको परिचय पाइएको छ। मृतकको नाउँ प्रभाकर राई (२२) हो र तिनी खरसाङको एउटा चियाकमानका वासिन्दा थिए। प्रभाकर राईको हत्या गरेर शव महानन्दा ब्यारेजमा फ्याँकिएको सन्देह परिवार र पुलिसले गरेको छ। पारिवारिक सूत्रहरूलाई उद्धृत गर्दै पुलिसले जनाएअनुसार प्रभाकर राई गत २८ जनवरी मध्य रातपछि न्युजलपाइगड़ी रेलवे स्टेशन परिसरबाट हराएका थिए। त्यस दिन प्रभाकरसँग तिनका काका अनिल राई र अन्यहरू पनि थिए। तिनीहरू सबै काम गर्ने उद्देश्यले न्युजलपाइगढ़ी रेलवे स्टेशनबाट अन्य राज्यतिर जाने कार्यक्रम थियो। प्रभाकर राई प्रायः ६ महीनाअघि नागपुरबाट घर फर्किएका थिए। तिनी नागपुरमा एउटा होटलमा काम गर्थे। प्रायः ६ महीना घरमा बिताएपछि फेरि काम गर्ने होटल जान ट्रेनमा चढ्ने उद्देश्यले तिनी न्युजलपाईगढ़ी रेलवे स्टेशन आएका थिए। २९ जनवरी बिहान तीन बजी तिनको ट्रेन थियो। त्यसभन्दा अघि २८ जनवरी राति न्यु जलपाइगड़ी रेलवे स्टेशन संलग्न एउटा गेस्ट हाउसबाट स्टेशन गइरहेको छु भनेर कुराकानी गर्दै तिनी निस्किएका थिए। त्यसपछि प्रभाकरले काका अनिल राईसँग मोबाइल फोनमा दुई-तीनपल्ट कुराकानी पनि गरे।

राति अढ़ाई बजीतिर प्रभाकरले काकासँग मोबाइल फोनमा अन्तिमपल्ट कुराकानी गरेका थिए। त्यस अवधि प्रभाकरले तिनी न्यु जलपाइगड़ी रेलवे स्टेशन पस्ने गेटमा रहेको कुरा जनाएपछि काकाले तिनलाई त्यहाँ खोजे पनि तिनको कुनै पत्तो लागेन। त्यसै अवधिदेखि प्रभाकर राईको मोबाइल फोन पनि बन्द भयो। शनिवार बिहान उत्तर बंगाल मेडिकल कलेज तथा अस्पतालको लाशघरमा प्रभाकर राईको शव परिवारद्वारा चिन्हित गरिएको कुरा पुलिस सूत्रले जनायो। २८ जनवरी मध्य रातपछि बेपत्ता भएका प्रभाकर राईको परिवारको तर्फबाट २९ जनवरी न्यूजलपाईगड़ी थानामा एउटा प्राथमिकी दर्ता गरिएको थियो। फाँसीदेवा थानाका ओसी सञ्जय दासले भने, शवको पोस्टमार्टम रिपोर्टको प्रतीक्षा गरिँदैछ। रिपोर्ट आएपछि नै युवकको मृत्युको वास्तविक कारण पत्तो लाग्नेछ। स्मरण रहोस्, गत ९ फरवरी फूलबारीको महानन्दा ब्यारेजमा एकजना व्यक्तिको शव तैरिरहेको देखेपछि स्थानीय मानिसहरूले पुलिसलाई सूचित गरेका थिए। पुलिसले सो शव उद्धार गरेर पोस्टमार्टमपछि उत्तर बंगाल मेडिकल कलेज तथा अस्पतालको शवघरमा राखेको थियो।

### अप्पर तोकलाङ शाखाले विनयलाई समर्थन दिने

**मिरिक, ११फरवरी।** गोजमुमो (विनय समूह), सौरेनी समष्टिमा सांगठनिक सभा धारावाहिक रूपमा अगाड़ि बढ़िरहेको समष्टि संयोजक सुनिल प्रधानले जनाएका छन्। सोही क्रममा आज अप्पर तोकलाङ शाखाले विनय तामाङ र अनित थापालाई समर्थन जनाउने निर्णय लिएको छ। सौरेनी समष्टिमा पार्टी मजबुत बनेको र आगामी २५ फरवरी आइतबारको दिन दार्जीलिङमा आयोजना भइरहेको युवा मोर्चाको जनसभामा सहभागी बन्नका लागि यस क्षेत्रबाट १५० गाड़ी युवा समर्थकहरू गइरहेको कुरा युवा मोर्चाले समष्टिलाई जनाइसकेको उनले बताए। समष्टिमा नारी मोर्चा, युवा मोर्चा, प्यारेण्ट्स बडीको पनि शाखा-प्रशाखा विस्तार भइरहेको उनले जनाए।

### एसकेएमद्वारा प्रतिवाद दिवस पालन

## लाठीचार्ज दुर्भाग्यपूर्णः एसकेएम




**गान्तोक, ११ फरवरी:** सिक्किम क्रान्तिकारी मोर्चा (एसकेएम)-पार्टीले आज गान्तोकमा प्रतिवाद दिवस पालन गऱ्यो। गत ११ फरवरी २०१३-का दिन एसकेएम पार्टी मुख्यालयमा तत्कालीन आईजीपी अक्षय सचदेवाको अगुवाईमा अप्रजातान्त्रिक, अमानवीय अनि अन्यायपूर्वक लाठीचार्ज गरेर सिक्किमको शान्ति भङ्ग गरेको साथै उक्त घटनाले सिक्किमको राजनीतिक इतिहासमा एउटा कालो धब्बा छोड़ेर गएको एसकेएम पार्टीले जनाएको छ। सो दिनको घटनाले राष्ट्रियस्तरसम्म तहलका मच्चाउनका साथै मानव अधिकारको ठूलो हनन् त्यस दिन ती आईजीपीले गरेको बताइएको छ। आजको कार्यक्रमम उक्त दिनको घटनालाई स्मरण गर्दै त्यस घटनामा पर्ने पीड़ितहरूलाई सम्मान जनाइयो साथै एसकेएम पार्टीको स्थापनाकालदेखि नै राजनैतिक षड्यन्त्रमा परेर जेल भोग्ने ती तमाम कार्यकर्ताहरूलाई स्मरण गर्दै सम्मान जनाइएको एसकेएम पार्टीकी प्रचार सचिव रञ्जना प्रधानले विज्ञप्तिमा जनाएकी छन्।

मुख्य अतिथि तथा कार्यवाहक अध्यक्ष कुङ्गा नीमा लेप्चाले आफ्नो सम्बोधनमा भने, 'एसकेएम कार्यकर्ताहरुले पार्टीको स्थापना हुनु अघि देखि जुन संघर्ष र यातना भोग्नु परेको थियो त्यसैको फलस्वरूप आज एसकेएम सिक्किमको एउटा ठूलो संगठन बनेको हो। एसकेएमले सिक्किम अनि सिक्किमेको रक्षकको रूपमा काम गरिरहेको छ। हाम्रो कार्यलाई जनताले सराहना गर्न थालेका छन् जसको फलस्वरूप अहिले पार्टीमा जनसैलाब बढेर गएको छ। एसकेएमको नीति, सिद्धान्त र कार्यक्रमको लोकप्रियता बडेर गएको छ। यसलाई हामी सबैले जगेड़ा गरेर लैजानु पर्नेछ। वर्तमान राजनैतिक स्थितिलाई हेर्दा २०१९ मा एसकेएमको सरकार पक्का आउने छ। यसरी नै पार्टीका मुख्य समन्वयक सोनाम लामाले २०१३ को लाठीचार्जको घटनालाई दुर्भाग्यपूर्ण बताउँदै उक्त घटना पूर्णरूपले राजनीति प्रेरित रहेको ठहर गरे। उनले लाठीचार्जमा पर्ने व्यक्तिहरुलाई एसकेएमले २०१९ मा सरकार गठन गरेपछि ठूलो सम्मान गर्ने बताए। उनले एसकेएमलाई समाप्त गर्न सुनियोजित षड्यन्त्र भएको, तर एसकेएम अझ उग्र बनेर अघि आएको बताए। आफ्नो सम्बोधनमा कार्यकारी अध्यक्ष एमपी सुब्बाले भने, एसकेएम पार्टीको विचारधारा सिक्किम निर्माण गर्नु हो, यो संस्थामा हुनेहरूकोमा कुनै स्वार्थ लुकेको

▶ रहल पाता २-मा

